कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

# सहकारी शिक्षा तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

सहकारी संघ-संस्थालाई सवल, सक्षम र सुशासनयुक्त बनाउने उद्देश्यले कोशी प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय र प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवा, सुनसरीबाट सहकारी सम्बन्धी शिक्षा तालिम कार्यक्रम प्रभावकारी रुपमा व्यवस्थापन, सञ्चालन तथा कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

प्रदेश सहकारी ऐन, २०७६ को दफा १३२ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश, उद्योग, कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सहकारी शिक्षा तालिम कार्यक्रम सञ्चालन कार्यविधि २०८३" रहेको छ।

(२) यो कार्यविधि उद्योग, कृषि तथा सहकारी मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अधिकृतस्तर तालिम” भन्नाले मन्त्रालय र कार्यालयबाट सहकारी संघसस्थालाई दिइने तालिमलाई सम्झनु पर्दछ।

(ख) “कार्यालय” भन्नाले प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय सम्झनु पर्दछ।

(ग) “मन्त्रालय” भन्नाले कोशी प्रदेश सरकारको सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(घ) “शिक्षा तालिम” भन्नाले मन्त्रालय र कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्ने सहकारी सम्बन्धी तालिम, प्रशिक्षण, प्रशिक्षक प्रशिक्षण लगायतका तालिम सम्झनु पर्दछ।

३. **शिक्षा तालिमको उद्देश्यः** यस कार्यविधि बमोजिम सञ्चालन गरिने शिक्षा तालिमको उद्देश्य निम्न बमोजिम हुनेछः-

(क) सहकारी क्षेत्रमा आवद्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(ख) सहकारीको संस्थागत क्षमता अभिवृद्धि, विकास तथा प्रबर्द्धन गर्ने,

(ग) सहकारी व्यवसायिकताको विकास गर्ने,

(घ) सहकारी क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याउने।

४. **शिक्षा तालिम सञ्चालन गर्नेः** (१) कार्यालयले सञ्चालन गर्ने शिक्षा तालिम कार्यक्रम, सहभागी संख्या, विषयवस्तु, समयावधि लगायतका विषयहरु अनुसूची-१ बमोजिम हुनेछ।

(२) मन्त्रालय र कार्यालयले शिक्षा तालिम कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र कार्यालयको बार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भए बमोजिमका कार्यक्रमको प्रकृति अनुसार कार्यालयका लागि स्वीकृत पाठ्यक्रमसँग सामञ्जस्य हुने गरी सञ्चालन गरिनेछ।

राम प्रसाद महतो
मन्त्री

(३) शिक्षा तालिम सञ्चालन गर्ने निकायले आफ्नो बार्षिक बजेट तथा कार्यक्रम अनुसार शिक्षा तालिमको प्रकृति अनुसार लागत, सहभागी, सञ्चालन गर्ने स्थान, विषयवस्तु लगायतका प्रत्येक तालिमका लागि अख्तियार प्राप्त अधिकारीबाट निर्णय गराई सोही बमोजिम सञ्चालन गर्नु पर्नेछ।

(४) कार्यालय तथा मन्त्रालयबाट सहकारी संघसस्थाका लागि सञ्चालन हुने तालिम अधिकृतस्तरका तालिम हुनेछन्।

५. **तालिमका सहभागी:** मन्त्रालय वा अन्तगर्तका निकायमा कार्यरत कर्मचारी, कोशी प्रदेशमा कार्यरत संघीय निजामती सेवा तथा प्रदेश निजामती सेवा तथा स्थानीय तहमा कार्यरत सहकारीसँग सम्बन्धित कामकाज गर्ने कर्मचारीहरु, सहकारी संघ/संस्थाका संचालक, पदाधिकारी, कर्मचारी, सदस्य तथा सहकारीकर्मी तालिममा सहभागी बन्न सक्नेछन।

६. **सहभागी छनौट विधि:** (१) शिक्षा तालिम सञ्चालन गर्ने निकायले निर्धारित संख्यामा स्थानीय तह र प्रदेशस्तरका सरकारी निकाय, सहकारी संघ/संस्थालाई तालिममा सहभागी छनौट गरी पठाउन तालिम सञ्चालन हुनु भन्दा सात (७) दिन अगाडि पत्र लेखी पठाउनु पर्नेछ र छनोट भई आएका व्यक्तिलाई तालिममा सहभागी गराउन पर्नेछ।

(२) तालिमका लागि सहभागी छनौट गर्दा भौगोलिक अवस्था, जनसंख्या एवं सहकारी संघ संस्थाको संख्या समेतको आधारमा समानुपातिक र समावेशी हुने गरी छनोट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सहभागीको छनोट गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिई छनोट गर्नु पर्नेछ:-

(क) विभिन्न समयमा सञ्चालन गरिएका तालिमगोष्ठी कार्यक्रममा विकट भौगोलिक क्षेत्रका सहकारी संघसंस्थाहरुलाई समेटिने,

(ख) विषयबस्तुसँग सम्बन्धित प्रशिक्षार्थी सहभागीलाई प्राथमिकता दिईने,

(ग) प्रशिक्षार्थीलाई सहभागिताको लागि आवेदन गर्ने सहभागीलाई प्राथमिकता क्रममा राखिने,

(घ) सोही विषयमा तालिम नलिएका व्यक्ति तथा संस्थालाई प्राथमिकता दिईने।

(४) मन्त्रालय/कार्यालयमा अनलाईन आवेदन दिएका व्यक्तिलाई समेत तालिममा सहभागि गराउन सकिनेछ।

७. **प्रशिक्षक वा सहजकर्ता सम्बन्धी व्यवस्था:** मन्त्रालय तथा कार्यालयबाट सञ्चालन गरिने सहकारी शिक्षा तालिम कार्यक्रममा देहाय बमोजिम सहजकर्ता एवं स्रोत व्यक्तिहरु रहनेछन:-

(क) कार्यालयका रजिष्ट्रार र प्रशिक्षक,

(ख) प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका अधिकृतस्तरको कर्मचारी,

राम प्रसाद महतो
मन्त्री

(ग) सहकारी सञ्चालनमा लामो अनुभव भएका पूर्व कर्मचारीहरु, सञ्चालक, व्यवस्थापक, सहकारी व्यवसायी तथा अभियान्ताहरु मध्येबाट मन्त्रालय/कार्यालयले सूचीकृत गरेका व्यक्तिहरु।

८. <u>तालिम सञ्चालन हुने स्थानः</u> (१) तालिम सञ्चालन गर्ने निकायले सामान्यतया आफ्नो कार्यालय रहेको स्थानमा गर्नेछ।

तर तालिमको पहुँच, सहभागी संख्या, बजेटको अवस्था समेतलाई मध्यनजर गरी कोशी प्रदेश भित्रका जुनसुकै जिल्लामा सञ्चालन गर्न बाधा पर्ने छैन।

(२) कार्यालयबाट उपदफा (१) बमोजिमको तालिम सञ्चालन हुने स्थान र समयको बारेमा तालिम सञ्चालन हुनु भन्दा अगावै मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

(३) माथी जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालय तथा कार्यालयले कोशी प्रदेश भित्रका सबै जिल्लाबाट सहभागिता हुनेगरी अनलाइन (Online) माध्यमबाट पनि तालिम सञ्चालन गर्न सक्नेछ।

(४) कार्यालयले तालिम सञ्चालन गर्दा सकेसम्म गैर-आवासीय रुपमा सञ्चालन गर्ने र सकेसम्म सरकारी हलको प्रयोग गर्नु पर्नेछ।

९. <u>शिक्षा तालिम सञ्चालन खर्च र पारिश्रमिकः</u> शिक्षा तालिम सञ्चालन गर्दा लाग्ने खर्च तथा पारिश्रमिक स्वीकृत बजेटको परिधि भित्र रही प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड तथा मितव्यिता सम्बन्धी निर्देशिका बमोजिम बमोजिम हुनेछ।

१०. <u>सुपरिवेक्षण,अनुगमन तथा मूल्याङ्कनः</u> शिक्षा तालिमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन मन्त्रालयले गर्नेछ।

११. <u>शिक्षा तालिमको आवश्यकता पहिचान तथा प्रभावकारिता अध्ययनः</u> कार्यालयले समय समयमा तालिम आवश्यकताको पहिचान गर्ने तथा अघिल्ला तालिमको प्रभावकारिता अध्ययन गरी आगामी तालिमको ढाँचा र रुपरेखा परिमार्जन गर्नुपर्ने भएमा परिमार्जित भएको विषय स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१२. <u>प्रतिवेदन पेश गर्नुपर्नेः</u> यो कार्यविधि बमोजिम तालिम तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले तालिम तथा कार्यक्रम कार्यान्वयनको चौमासिक प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१३. <u>विशेषज्ञ उपलब्ध गराउन सकिनेः</u> स्थानीय तह, सहकारी संघ संस्थाले तालिम, छलफल, गोष्ठी सञ्चालनका लागि विशेषज्ञ माग गरेमा आवश्यक्तानुसार उपलब्ध गराउन सकिनेछ।

१४. <u>सहकारी सम्बन्धी समाग्री प्रकाशन र वितरणः</u> (१) कार्यालयले आफ्नो बार्षिक कार्यक्रम अनुसार सहकारिताको प्रवर्द्धन तथा सहकारी संघ संस्थामा शिक्षा तथा जागरण पुऱ्याउने गरी अध्ययन सामग्री तयार गरी सहकारी शिक्षा तालिममा वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययन सामग्री सकेसम्म डिजिटल/विद्युतिय माध्यमबाट वितरण गर्नु पर्नेछ।

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

१५. <u>**कार्यविधि बमोजिम हुने:**</u> तालिमको पाठ्यक्रम, पाठयोजना र प्रशिक्षण सम्बन्धमा यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै कार्यविधि बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. <u>**बाधा अड्काउ फुकाउने:**</u> यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थीत र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउने छ।

१७. <u>**खारेजी र बचाउ:**</u> सहकारी शिक्षा, तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई खारेज गरिएको छ। यस अघि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

राम प्रसाद महतो
मन्त्री

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### १. आधारभूत सहकारी लेखापालन तालिमः

(क) समयावधिः ५ दिन

(ख) कक्षा संख्याः २० वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः- तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारी लेखा प्रणाली अनुसार लेखा राख्न।
- विभिन्न वित्तिय प्रतिवेदनहरु तयार गर्न।
- संस्थाका वित्तिय प्रतिवेदनहरु जाँच तथा विश्लेषण गर्न।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | लेखाको सिद्धान्त अवधारणा र महत्व | १ |
| २ | लेखामा प्रयोग हुने शब्दावली | १ |
| ३ | लेखाङ्कन नियम र समिकरण | २ |
| ४ | सहकारीका मुख्य खाता तथा सहायक खाताहरुको परिचय | १ |
| ५ | गोश्वारा भौचर परिचय र अभ्यास | २ |
| ६ | सहकारी हिसाब संकेत नम्बर | १ |
| ७ | गोश्वारा भौचर तयारी | ४ |
| ८ | खातामा प्रविष्टी | ४ |
| ९ | हिसाब परिक्षा सूचीको परिचय र अभ्यास | १ |
| १० | मिलाउनु पर्ने प्रविष्टी परिचय र अभ्यास | १ |
| ११ | खाताबन्दी | १ |
| १२ | आय विवरण | १ |
| १३ | बचत विवरण | १ |
| १४ | कोषको परिचय र कोष वितरण | १ |
| १५ | स्थिति विवरण पत्र बासलात | १ |
| १६ | ह्रास कट्टी विधि | १ |
| १७ | सहकारीमा लेखा परिक्षण प्रक्रिया | २ |
| १८ | ब्याज गणना विधि | १ |

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | |
|---|---|---|
| १९ | नगद प्रवाह विवरण परिचय र अभ्यास | २ |
| २० | सहकारीमा कर सम्बन्धी व्यवस्था | १ |
| २१ | NFRS एक परिचय | १ |
| जम्मा कक्षा | | ३१ |

३१ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

**२. आधारभूत सहकारी व्यवस्थापन तालिमः**

(क) समयावधिः ५ दिन

(ख) कक्षा संख्याः २० वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारीका मूल्य सिद्धान्त र कानुनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न ।
- व्यवस्थापनका नवीनतम सीप र कौशललाई संस्थामा उपयोग गर्न ।
- बचत तथा ऋण परिचालन कार्य व्यवस्थित रुपमा सम्पादन गर्न ।
- सहकारीको मानचित्र अनुसार कार्य गर्न ।
- सदस्य केन्द्रियता सूचकाङ्कको आधारमा संस्थाको विश्लेषण गर्न ।
- सहकारी संस्थामा जिम्मेवारीको आधारमा सुशासन कायमा गरी स्वशासित हुन ।
- संस्थामा स्वनियम सोको विश्लेषण र उपयुक्त निर्णय गर्न ।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा र महत्व | १ |
| २ | सहकारीको मूल्य मान्यताहरु | १ |
| ३ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | १ |
| ४ | नेपालको संविधान र समाजवादको अवधारणामा सहकारी | १ |
| ५ | सहकारी अनुगमन सम्बन्धी बिद्यमान व्यवस्था | २ |
| ६ | प्रदेश सहकारी ऐन,२०७६ र नियमावली,२०७६ | ३ |
| ७ | सहकारी संघ संस्था एकीकरण कार्यविधि,२०७७ | १ |
| ८ | सहकारी व्यवसाय र अन्य व्यवसायमा फरक | १ |
| ९ | सहकारीमा बजार व्यवस्थापन तथा कार्य प्रणाली | १ |

राम प्रसाद महतो
मन्त्री

| | | |
|---|---|---|
| १० | सहकारी व्यवस्थापन प्रणाली तथा बजारीकरण | १ |
| ११ | सहकारीमा बजार व्यवस्थापन तथा ऋण व्यवस्थापन | १ |
| १२ | सहकारीमा व्यवसायिकता विकास | १ |
| १३ | सहकारीमा बचत तथा ऋण व्यवस्थापन | २ |
| १४ | सहकारीमा नेतृत्व बिकास | २ |
| १५ | सहकारी संस्था सफलताका आधार | १ |
| १६ | सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली | १ |
| १७ | सहकारीमा लैङ्गिक/जातिय/भौगोलिक समानता | १ |
| १८ | सञ्चालक, व्यवस्थापकलाई चाहिने दक्षता | १ |
| १९ | सहकारीको अन्तर सम्बन्ध तथा विशिष्टीकृत सहकारी संघ | १ |
| २० | सहकारीमा सदस्य केन्द्रीयता सूचकाङ्क अभ्यास समेत | ३ |
| २१ | सहकारीमा अभिलेख व्यवस्थापन | १ |
| २२ | सहकारीमा कर्मचारी व्यवस्थानपन | १ |
| २३ | सहकारीमा सूचना व्यवस्थापन प्रणाली | १ |
| २४ | सहकारीमा सुशासन | १ |
| २५ | सहकारीमा आर्थिक श्रोत व्यवस्थापन | १ |
| २६ | सहकारीमा लिलाम विक्रि प्रक्रिया | २ |
| २७ | सहकारीमा कर व्यवस्थापन | १ |
| २८ | सम्पत्ति शुद्धीकरण | १ |
| २९ | बैठक सञ्चालन सम्बन्धी प्रावधान | १ |
| ३० | साधारण सभा सञ्चालन सम्बन्धी प्रावधान | |
| | जम्मा | ३८ |

३८ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

**३. ऐन, नियम तथा सम्पत्ति शुद्धीकरण निवारण अभिमुखीकरण तालिमः**

(क) समयावधिः ६ दिन

(ख) कक्षा संख्याः २४ वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्।

राम प्रसाद महतो
मन्त्री

- सहकारीका मूल्य सिद्धान्त र कानुनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।
- सहकारी ऐन, नियमको बारेमा जानकारी प्राप्त भई नियमानुसार संस्था सञ्चालन गर्न।
- सम्पत्ति सुद्धीकरण निवारण ऐनका बिषयमा जानकारी प्राप्त भइ सोको पालना गर्न।

| सि.न. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीका अवधारणा र महत्व | १ |
| २ | सहकारीका मूल्य मान्यताहरु | २ |
| ३ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | २ |
| ४ | सहकारी अनुगमन सम्बन्धी विद्यमान व्यवस्था | २ |
| ५ | प्रदेश सहकारी ऐन, २०७६ र नियमावली, २०७६ | १ |
| ६ | सहकारी सघ संस्था एकीकरण कार्यविधि, २०७७ | १ |
| ७ | सहकारी संस्थाका गठन तथा दर्ता | १ |
| ८ | सहकारी संस्थाका उद्देश्य तथा कार्यहरु | १ |
| ९ | सहकारी सञ्चालनका मुख्य तत्वहरु सदस्यता समबन्धी), साधारण सभा, सञ्चालक समिति( | ३ |
| १० | सहकारीमा बचत तथा ऋण व्यवस्थापन | २ |
| ११ | सहकारी संस्थाका कोष सम्बन्धी | १ |
| १२ | कसुर, दण्ड, जरिवाना र पुनरावेदन | १ |
| १३ | एकीकरण, बिभाजन, बिघटन, दर्ता खारेजी र लिक्वीडेसन | १ |
| १४ | समस्याग्रस्त घोषणा हुने अवस्था | १ |
| १५ | सहकारी ऐनका अन्य बिषयहरु | २ |
| १६ | सम्पत्ति सुद्धीकरण निवारण परिचय | १ |
| १७ | सम्पत्ति सुद्धीकरण निवारण ऐन, नियम | ८ |
| १८ | सहकारीमा कर सम्बन्धि व्यवस्था | १ |
| | जम्मा | ३२ |

३२ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २४ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ ।

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

**४. सहकारीको दिगोपन एवं नेतृत्व विकास तालिमः**

(क) समयावधिः ५ दिन

(ख) कक्षा संख्याः २० वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारीको मूल्य सिद्धान्त र कानूनि प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।
- सहकारी ऐन,नियमको बारेमा जानकारी प्राप्त भइ नियमानुसार संस्था सञ्चालन गर्न।
- सहकारीमा नेतृत्व तहमा रहेका पदाधिकारी एवं कर्मचारीहरुलाई संस्था प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सक्षम बनाउन।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा र महत्व | १ |
| २ | सहकारीको मूल्य मान्यताहरु | १ |
| ३ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | १ |
| ४ | सहकारी अनुगमन सम्बन्धी बिद्यमान व्यवस्था | १ |
| ५ | प्रदेश सहकारी ऐन,२०७६ र नियमावली,२०७६ | २ |
| ६ | आन्तरिक नियन्त्रण प्रणाली | १ |
| ७ | सहकारी संस्थाको गठन तथा दर्ता | १ |
| ८ | सहकारी संस्थाका उद्देश्य तथा कार्यहरु | १ |
| ९ | सहकारी सञ्चालनका मुख्य तत्वहरु(सदस्यता सम्बन्धी,साधारण सभा,सञ्चालक समिति) | ३ |
| १० | सहकारीमा बचत तथा ऋण व्यवस्थापन | २ |
| ११ | सहकारी संस्थाको कोष व्यवस्थापन | १ |
| १२ | कसुर,दण्ड,जरिबाना र पुनरावेदन | १ |
| १३ | एकीकरण,बिभाजन,बिघटन,दर्ता,खारेजी र लिक्वीडेसन | २ |
| १४ | समस्याग्रस्त घोषणा हुने अवस्था | १ |
| १५ | सहकारीमा सुशासन | १ |

राम प्रसाद महतो
मन्त्री

| | | |
|---|---|---|
| १६ | सम्पति सुद्धिकरण निवारण परिचय | १ |
| १७ | सम्पति सुद्धिकरण निवारण ऐन,नियम | १ |
| १८ | सहकारीमा कर सम्बन्धी व्यवस्था | १ |
| १९ | दिगो विकास लक्ष्य प्राप्तिमा सहकारीको भूमिका | १ |
| २० | नेतृत्व र नेतृत्व बिकास | १ |
| २१ | सकारात्मक सोच र सदाचारिता | १ |
| २२ | प्रस्ताव लेखन | १ |
| २३ | आन्तरिक र बाह्य बातावरण बिश्लेषण | १ |
| २४ | बैठक व्यवस्थापन | १ |
| २५ | जोखिम व्यवस्थापन | १ |
| २६ | सहकारीमा साझा बन्धन | १ |
| २७ | पर्ल्स परिचय | १ |
| २८ | सदस्य केन्द्रियता | १ |
| २९ | समय व्यवस्थापन | १ |
| ३० | तनाव व्यवस्थापन | १ |
| ३१ | भावनात्मक वुद्धिमता | १ |
| | जम्मा | ३६ |

३६ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

**५. व्यवसायिक योजना तर्जुमा तालिमः**

(क) समयावधिः ५ दिन

(ख) कक्षा संख्याः २० वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारीका मूल्य सिद्धान्त र कानुनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।
- सहकारी संस्थाको व्यवसायीक योजना तर्जुमा गरी सोहि अनुसार कार्य गर्न।
- सहकारी संस्थाको व्यवसायीक विवरणहरुको विश्लेषण गर्न।
- सहकारी संस्थाको माध्यमबाट व्यवसायमा संलग्न हुन।

राम प्रसाद महतो
मन्त्री

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा र महत्व | १ |
| २ | सहकारीको मूल्य मान्यताहरु | १ |
| ३ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | १ |
| ४ | सहकारी अनुगमन सम्बन्धी बिद्यमान व्यवस्था | १ |
| ५ | प्रदेश सहकारी ऐन,२०७६ र नियमावली,२०७६ | २ |
| ६ | सहकारी संघ संस्था एकीकरण कार्यविधि,२०७७ | १ |
| ७ | सहकारी बजारीकरण,एकल सहकारी बजार,बिशिष्टीकृत सहकारी,सहकारी बजार सञ्चालन | १ |
| ८ | सहकारीमा व्यवसायीक योजना परिचय | १ |
| ९ | सहकारीमा व्यवसाय पहिचान | १ |
| १० | सहकारीमा व्यवसाय छनौट | १ |
| ११ | पारविन्दु विश्लेषण | १ |
| १२ | व्यवसायीक योजना तर्जुमा चरणहरु | १ |
| १३ | व्यवसायीक योजना तर्जुमा (परिकल्पना,ध्येय,लक्ष्य,निर्धारण) | १ |
| १४ | व्यवसायीक योजना तर्जुमा (उद्देश्य,रणनीति तथा कार्यनिति निर्धारण) | १ |
| १५ | व्यवसायीक योजना तर्जुमा (बजारीकरण) | २ |
| १६ | व्यवसायीक योजना तर्जुमा (क्रियाकलाप निर्धारण) | ४ |
| १७ | व्यवसायीक योजना तर्जुमा अभ्यास तथा प्रस्तुतिकरण | २ |
| १८ | सहकारीमा पर्ल्स विश्लेषण | ४ |
| १९ | आन्तरिक/बाह्य वातावरण बिश्लेषण | २ |
| २० | सहकारी सदस्य केन्द्रियता | २ |
| २१ | सहकारी संस्था सफलताका आधार | १ |
| | जम्मा | ३२ |

३२ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ ।

**६. अभिलेख व्यबस्थापन तथा पर्ल्स अनुगमन तालिमः**

(क) समयावधिः ५ दिन

(ख) कक्षा संख्याः २० वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

राम प्रसाद महतो
मन्त्री

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः- तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारी मूल्य सिद्धान्त र कानुनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्ने।
- सहकारी संस्थाको लेखाका विभिन्न सूचकहरुको विश्लेषण गर्ने।
- सहकारी संस्थाको पर्ल्स अनुगमन प्रणाली अनुसार वित्तिय विवरणहरुको विश्लेषण गर्ने।
- सहकारी संस्थाको अभिलेख व्यवस्थापन गर्ने।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा/मूल्य मान्यता | १ |
| २ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | १ |
| ३ | सहकारी पर्ल्स बिश्लेषण | १६ |
| ४ | सहकारी अनुगमन सम्बन्धी बिद्यमान व्यवस्था | २ |
| ५ | सहकारी ऐन र नियमावली | २ |
| ६ | सहकारी संघ संस्था एकीकरण कार्यविधि,२०७७ | १ |
| ७ | सहकारीमा अभिलेख व्यवस्थापन | २ |
| ८ | सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली | २ |
| ९ | सहकारीमा सदस्य केन्द्रीयता | २ |
| १० | सहकारीमा जोखिम व्यवस्थापन | १ |
| ११ | कर प्रणाली सम्बन्धी व्यवस्था | १ |
| १२ | बैठक व्यवस्थापन | १ |
| १३ | सहकारीमा सूचना प्रणाली व्यवस्थापनको परिचय र अभ्यास | २ |
| | जम्मा | ३४ |

३४ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

**७. सहकारी सचेतना तथा जागरण तालिमः**

(क) समयावधिः ३ दिन

(ख) कक्षा संख्याः १२ वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २५ जना

(ङ) तालिमको उद्देश्यः तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारीका मूल्य सिद्धान्त र कानुनी प्रावधान अनुरुप संस्था गठन गरी सञ्चालन गर्ने।
- बचत तथा ऋण परिचालन कार्य व्यवस्थित रुपमा सम्पादन गर्ने।
- सञ्चालनमा रहेका समुह सहकारीमा रुपान्तरण गरी व्यवस्थीत र स्वशासित हुन।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा र महत्व | १ |
| २ | सहकारीको मूल्य मान्यताहरु | १ |
| ३ | सहकारी सिद्वान्त र व्यवहारिक प्रयोग | १ |
| ४ | सहकारी अनुगमन सम्बन्धी बिद्यमान व्यवस्था | २ |
| ५ | प्रदेश सहकारी ऐन,२०७६ र नियमावली,२०७६ | ४ |
| ६ | सहकारी संघ संस्था एकीकरण कार्यविधि,२०७७ | १ |
| ७ | सहकारी व्यवसाय र अन्य व्यवसायमा फरक | १ |
| ८ | सहकारीमा बचत व्यवस्थापन | १ |
| ९ | सहकारीमा ऋण व्यवस्थापन | १ |
| १० | सहकारी संस्था सफलताको आधार | १ |
| ११ | सहकारीमा आन्तरीक नियन्त्रण प्रणाली | १ |
| १२ | सहकारीमा लैङ्गिक समानता | १ |
| १३ | सञ्चालक व्यवस्थापकलाई चाहिने दक्षता | १ |
| १४ | सहकारीमा सदस्य केन्द्रीयता सूचकाङ्क अभ्यास समेत | २ |
| १५ | सहकारी अनुगमन सम्बन्धि व्यवस्था | १ |
| १६ | अभिलेख व्यवस्थापन | १ |
| १७ | बैठक व्यवस्थापन | १ |
| १८ | जोखिम व्यवस्थापन | १ |
| १९ | सहकारीमा कोष व्यवस्थापन | १ |
|  | जम्मा | २४ |

२४ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा १२ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

८. सहकारीमा सूचना प्रणाली व्यवस्थापन (COPOMIS) सञ्चालन सम्बन्धी तालिमः

(क) समयावधिः ३ दिन

(ख) कक्षा संख्याः १२ वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारी बिभागबाट कार्यान्वयनमा ल्याइएको सहकारी तथा गरिबी सम्बन्धी व्यबस्थापन सुचना प्रणाली (COPOMIS) मा आवश्यक विवरणहरु प्रविष्टि गर्न सक्नेछन्।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | कोपोमिसको सैद्धान्तिक तथा अवधारणागत पक्ष, तथा कानुनी व्यवस्था | १ |
| २ | सूचना प्रविधि सम्बन्धी प्राविधिक जानकारी सोको प्रयोग र कोपोमिस प्रणाली सञ्चालनलाई आवश्यक पूर्वाधार व्यवस्थापन | १ |
| ३ | सहकारीहरुले प्रयोग गर्ने COPOMIS लगईन, प्रयोग गर्ने मेनुहरु, नेपाली युनीकोड प्रयोग, एक्सेल, फाईल रिसाईज लगायत विविध प्रयोग विधि | २ |
| ४ | समष्टीगत विवरण, सहकारी सदस्य दर्ता विधि (एक्सेल, फाराम) र सो को अभ्यास | २ |
| ५ | सहकारी सदस्य दर्ता विधि (एक्सेल, फाराम) र सो को अभ्यास | १ |
| ६ | बार्षिक प्रतिवेदन प्रविष्टी, साधारण सभाको विवरण, निर्वाचन उपसमिति र सञ्चालकको विवंरण सेटअप तथा प्रविष्टी निर्वाच्न प्रतिवेदन प्रविष्टि | ३ |
| ७ | उपनिर्वाचन सम्बन्धी विवरण, उपसमिति सम्बन्धी विवरण, प्रबर्द्धन कोष प्रविष्टि विधि र अभ्यास | १ |
| ८ | सम्पत्ति सुद्दीकरण तथा आन्तरिक कार्यहरुको मेनु (बैठक व्यवस्थापन तथा ऋण सम्बन्धी) को प्रयोग विधि र अभ्यास | १ |
| ९ | मासिक वित्तीय विवरण भर्ने तरिका र सोको अभ्यास | ३ |
| १० | कोपोमिस प्रणालीबाट साभार गरिने प्रतिवेदनहरु, | १ |
| ११ | कर्मचारीको विवरण प्रविष्टी र युजर व्यवस्थापन तथा अभ्यास, निवेदन दाखिला,<br>कोपोमिस कार्यसम्पादनका सवालहरु, | १ |
| १२ | COPOMIS Troubleshooting and Assessment, कार्ययोजना तयारी | २ |

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | |
|---|---|---|
| | समूहगत प्रस्तुती, खुल्ला छलफल तथा पृष्ठपोषण | |
| | जम्मा | १९ |

१९ वटा कक्षाबाट अवधि,सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा १२ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

## ९. सहकारीमा विधि व्यवस्थापन तथा वजेट तर्जुमा तालिमः

(क) समयावधिः ५ दिन

(ख) कक्षा संख्याः २० वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः- तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारीका मूल्य मान्यता, सिद्वान्त र क़ानुनी प्रावधान अनुरुप संस्था गठन गरि सञ्चालन गर्न।
- संस्थाको लागि आवश्यक निति, नियम, कार्यविधि, तयार गरी कार्य व्यवस्थित रुपमा सम्पादन गर्न।
- बजेट तथा योजना निर्माण गरी सोही बमोजिम कार्यान्वयन गर्न।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा र मूल्य मान्यता | १ |
| २ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | १ |
| ३ | प्रदेश सहकारी ऐन,२०७६ र नियमावली,२०७६ | २ |
| ४ | सहकारी अनुगमन सम्बन्धी व्यवस्था | १ |
| ५ | अभिलेख व्यवस्थापन | १ |
| ६ | सहकारीको वित्तीय अनुगमन प्रणाली | २ |
| ७ | सदस्य केन्द्रीयता | २ |
| ८ | सहकारीमा जोखिम व्यवस्थापन | १ |
| ९ | संचालक समिति र साधारण सभा व्यवस्थापनका पक्षहरु | १ |
| १० | संचालक समिति र साधारण सभा बैठक अभ्यास | १ |
| ११ | सहकारीमा NFRS एक परिचय | १ |
| १२ | सहकारीमा विधि व्यवस्थापनको अवधारणा | १ |

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | |
|---|---|---|
| १३ | सहकारीमा विधि निर्माण प्रक्रिया | १ |
| १४ | सहकारीमा विधि निर्माण | २ |
| १५ | सहकारीमा विनियम निर्माण | १ |
| १६ | विनियमका आधारभूत तत्व र अभ्यास | १ |
| १७ | आन्तरिक कार्यविधि निर्माण तथा अभ्यास | २ |
| १८ | नीति तथा कार्यक्रम परिचय | १ |
| १९ | सहकारीमा योजना निर्माण | १ |
| २० | रणनीतिक योजनाका पक्षहरु र अभ्यास | २ |
| २१ | वार्षिक कार्ययोजना परिचय र अभ्यास | २ |
| २२ | सहकारीमा वजेट निर्माणका सैद्धान्तिक पक्षहरु | १ |
| २३ | वजेट निर्माण अभ्यास | १ |
| | जम्मा | ३० |

३० वटा कक्षाबाट अवधि,सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

**१०. स्थानीय तह सहकारी शाखामा कार्यरत कर्मचारीका लागि आधारभूत सहकारी लेखापालन तालिमः**

(क) समयावधिः ५ दिन

(ख) कक्षा संख्याः २० वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्।

- सहकारीमा लेखा प्रणालीको परिचय वारे जानकारी गराउनु।
- बिभिन्न बित्तीय प्रतिवेदनहरु तयार गर्न।
- संस्थाका बित्तीय प्रतिबेदनहरु जाँच तथा बिश्लेषण गर्न।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | लेखाको सिद्धान्त अवधारणा र महत्व | १ |
| २ | लेखामा प्रयोग हुने शब्दावली | १ |
| ३ | लेखाङ्कन नियम र समीकरण | २ |

राम प्रसाद महतो
मन्त्री

| | | |
|---|---|---|
| ४ | सहकारीका मुख्य खाता तथा सहायक खाताहरुका परिचय | १ |
| ५ | गोश्वारा भौचर परिचय र अभ्यास | २ |
| ६ | सहकारी हिसाव सकेत नम्वर | १ |
| ७ | गोश्वारा भौचर तयारी | ४ |
| ८ | खातामा प्रविष्ट | ४ |
| ९ | हिसाव परीक्षा सूचीका परिचय र अभ्यास | १ |
| १० | मिलाउनु पर्न प्रविष्ट परिचय र अभ्यास | २ |
| ११ | खाताबन्दी | १ |
| १२ | आय विवरण | १ |
| १३ | वचत वितरण | १ |
| १४ | कोषका परिचय र कोष विवरण | १ |
| १५ | स्थित बिवरण पत्र वासलात | १ |
| १६ | ह्रास कट्टी विधि | १ |
| १७ | सहकारीमा लेखा परीक्षण प्रक्रिया | १ |
| १८ | व्याज गणना बिधि | १ |
| १९ | नगद प्रवाह बिबरण परिचय र अभ्यास | १ |
| २० | कोषका परिचय र कोष बिवरण | १ |
| २१ | स्थित बिवरण पत्र वासलात | १ |
| २२ | ह्रास कट्टी विधि | १ |
| २३ | 'सहकारीमा लेखा परिक्षण प्रकृया | १ |
| २४ | व्याज गणना बिधि | १ |
| २५ | नगद प्रवाह बिबरण परिचय र अभ्यास | १ |
| २६ | सहकारी संस्था अनुगमन निरीक्षण र प्रतिवेदन | २ |
| २७ | सदस्य केन्द्रीयता | २ |
| २८ | व्याज गणना बिधि | २ |
| २९ | जोखिम व्यवस्थापन | १ |
| ३० | सहकारीमा कर सम्बान्ध व्यवस्था | १ |
| ३१ | NFRS | १२ |
| | जम्मा | ६० |

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश सरकार
बिराटनगर, नेपाल

६० वटा कक्षावाट अवधि, सहंभागीको स्तर र स्रोत व्यक्तिको उपलव्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

**११. लेखा व्यवस्थापन तालिमः (मागमा आधारित लागत साझेदारी कार्यक्रम)**

(क) समयावधी ५ दिन

(ख) कक्षा संख्या २० वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा२० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्।

- सहकारी लेखा प्रणाली अनुसार लेखा राख्न।
- बिभिन्न बित्तीय प्रतिवेदनहरु तयार गर्न।
- संस्थाका बित्तीय प्रतिबेदनहरु जाँच तथा बिश्लेषण गर्न।
- नया लेखा बिधि **NFRS** अनुसार लेखा राख्न।
- सहकारीका मूल्यं सिद्धान्त र कानुनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।
- व्यवस्थापनका नवीनतम सीप र कौशललाई संस्थामा उपयोग गर्न।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | लेखाङ्कन नियम र समीकरण | १ |
| २ | सहकारीका मुख्य खाता तथा सहायक खाताहरुको परिचय | १ |
| ३ | गोश्वारा भौचर परिचय र अभ्यास | ४ |
| ४ | खातामा प्रविष्टी | ४ |
| ५ | हिसाव परीक्षा सूचीको परिचय र अभ्यास | १ |
| ६ | मिलाउनु पर्ने प्रविष्टी परिचय र अभ्यास | १ |
| ७ | आय विवरण | १ |
| ८ | वचत वितरण | १ |
| ९ | कोषको परिचय र कोष विवरण | १ |
| १० | स्थिति बिवरण पत्र वासलात | १ |
| ११ | ह्रास कट्टी विधि | १ |

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | |
|---|---|---|
| १२ | NFRS परिचय | २ |
| १३ | NFRS का सैद्धान्तिक पक्षहरु | ४ |
| १४ | NFRS लेखा बिधि अभ्यास | १० |
| १५ | सहकारी अनुगमन सम्बन्धी व्यवस्था | २ |
| १६ | प्रदेश सहकारी एन, २०७६ र नियमावली, २०७६ | ४ |
| १७ | सहकारीमा कर सम्बन्धी व्यवस्था | १ |
| | जम्मा | ४० |

४० वटा कक्षावाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलव्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

**१२. सहकारी प्रशिक्षक प्रशिक्षण तालिमः**

(क) समयावधी ७ दिन

(ख) कक्षा संख्या २८ वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा२० जना बढीमा ३० जनासम्म।

(ङ) प्रशिक्षणको उद्देश्यः प्रशिक्षणको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्।

- प्रशिक्षकहरुलाई सहकारी अवधारणा, मूल्य मान्यता तथा सिद्धान्तको व्यावहारिक ज्ञान प्रदान गर्न।
- सहकारी संस्थाहरुमा सहकारी सिद्धान्तको पालना, आन्तरिक नियन्त्रण तथा सुशासनको अवस्थामा सुधार ल्याउन अपनाउनुपर्ने मान्यताका बारेमा व्यावहारिक ज्ञान प्रदान गर्न।
- संस्थाका बित्तीय प्रतिबेदनहरु जाँच तथा विश्लेषण गर्न सक्न बनाउन।
- प्रशिक्षकहरुको प्रशिक्षण कलाको विकास गर्न आवश्यक Tools बारे जानकारी गराउने।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सकारात्मक सोच र सदाचारिता | १ |
| २ | सहकारीका परिचय, इतिहास र विकासक्रम | १ |

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| | | |
|---|---|---|
| ३ | सहकारीका मूल्य मान्यता र सिद्धान्त | २ |
| ४ | सहकारी सम्बान्धि कानुनी पक्षहरु(सघ, प्रदेश र स्थानीय) | २ |
| ५ | सहकारीमा बचत तथा ऋण व्यवस्थापन | २ |
| ६ | सहकारीमा सम्पत्ति शुद्धीकरण सम्बन्धी व्यवस्था | १ |
| ७ | सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली(प्रयोगात्मक अभ्यास सहित) | २ |
| ८ | सदस्यता केन्द्रीयता सूचकाङ्क | २ |
| ९ | सहकारीका वित्तीय जोखिम लेखाजोखा(पर्ल्स) | ४ |
| १० | सहकारीमा वित्तीय स्रोत परिचालन र कोष व्यवस्थापन | १ |
| ११ | सहकारीमा लेखापालन तथा मुख्य प्रतिवेदन सम्बन्धी जानकारी र अभ्यास | ४ |
| १२ | NFRS सम्बन्धी सैद्धान्तिक तथा लेखा विधि अभ्यास | १२ |
| १३ | तालिमको अवधारणा, परिचय र विधिहरु' | २ |
| १४ | तालिम सामग्रीको परिचय र प्रयोग | १ |
| १५ | सहजकर्ता र सहजीकरण सीप परिचय | १ |
| १६ | तालिम योजना निर्माण | १ |
| १७ | नेतृत्व र नेतृत्व बिकास | १ |
| १८ | तालिम सहजीकरण सीप अभ्यास | ८ |
| | जम्मा | ४८ |

४८ वटा कक्षावाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलव्धताको आधारमा २८ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

**१३. सहकारीमा उद्यम र उद्यमशीलता तालिमः**

(क) समयावधी ५ दिन

(ख) कक्षा संख्या २० वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा२० जना बढीमा ३० जनासम्म ।

(ङ) तालिमको उद्देश्यः तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्।

- सहकारी उद्यशीलताको विकास गर्न।
- सहकारीमा व्यवसायको पहिचान गर्न।
- सहकारीको माध्यामबाट उद्यमी बनाउन।

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीका परिचय, मूल्य मान्यता सिद्धान्त | २ |
| २ | सहकारीमा उद्यमशीलताको अवधारणा | १ |
| ३ | व्यवसायको अवधारणा र महत्त्व | १ |
| ४ | उद्यम र व्यवसायाबिच बिच भिन्नता | १ |
| ५ | सफल उद्यमीका गुणहरु | १ |
| ६ | व्यवसाय दर्ता सम्बान्ध कानुनी व्यवस्था | १ |
| ७ | व्यवसायको पहिचान र छनोट | १ |
| ८ | व्यवसाय दर्ता प्रक्रिया, सरकारी सेवा सुविधा र सहुलियत | १ |
| ९ | सहकारी बजारीकरण,एकल सहकारी बजार,बिशिष्टीकृत सहकारी,सहकारी बजार सञ्चालन | १ |
| १० | सहकारीमा व्यवसाय पहिचान | १ |
| ११ | सहकारीमा व्यवसाय छनौट | १ |
| १२ | बजार, बजारीकरण तथा लक्षित वर्ग पहिचान | १ |
| १३ | बिक्रि प्रवर्द्धन र बिक्रिकला | १ |
| १४ | बिक्रेतामा हुनुपर्ने गुणहरु | १ |
| १५ | व्यवसायिक लेखा | १ |
| १६ | सहकारीमा व्यवसायीक योजना परिचय | १ |
| १७ | व्यवसायीक योजना तर्जुमा चरणहरु | १ |
| १८ | व्यवसायीक योजना तर्जुमा (परिकल्पना,ध्येय,लक्ष्य,निर्धारण) | १ |
| १९ | व्यवसायीक योजना तर्जुमा (उद्देश्य,रणनीति तथा कार्यनिति निर्धारण) | १ |
| २० | व्यवसायीक योजना तर्जुमा (बजारीकरण) | २ |
| २१ | व्यवसायीक योजना तर्जुमा (क्रियाकलाप निर्धारण) | ४ |
| २२ | सहकारीमा व्यवसायिक नेतृत्व | १ |
| २३ | व्यावसायिक जोखिम | १ |
| | जम्मा | २८ |

२८ वटा कक्षावाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २० वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

**१४. सहकारीमा सुशासन सम्बन्धी तालिमः**

(क) समयावधिः ३ दिन

(ख) कक्षा संख्याः १२ वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीः समानुपातिक रुपमा कम्तिमा २० जना बढीमा ३० जनासम्म।

(ङ) तालिमको उद्देश्यः- तालिमको समाप्ति पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछ।

- सहकारीको मूल्य सिद्धान्त र कानुनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।
- सहकारी ऐन,नियमको बारेमा जानकारी प्राप्त भइ नियमानुसार संस्था सञ्चालन गर्न।
- सहकारीमा सुशासन कायम गरी पदाधिकारी एवं कर्मचारीहरुलाई संस्था प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सक्षम बनाउन।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा र महत्व | १ |
| २ | सहकारीको मूल्य मान्यताहरु | १ |
| ३ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | १ |
| ४ | सहकारीमा प्रचलित कानुनहरुको जानकारी | २ |
| ५ | आन्तरिक नियन्त्रण प्रणाली | १ |
| ६ | सहकारी संस्थाका उद्देश्य तथा कार्यहरु | १ |
| ७ | सहकारी सञ्चालनका मुख्य पक्षहरु(सदस्यता सम्बन्धी,साधारण सभा,सञ्चालक समिति)को काम कर्तव्य र जिम्मेवारी | ३ |
| ८ | सहकारीमा बचत तथा ऋण व्यवस्थापन | २ |
| ९ | सहकारी संस्थाको कोष व्यवस्थापन | १ |
| १० | कसुर,दण्ड,जरिबाना र पुनरावेदन | १ |
| ११ | एकीकरण,बिभाजन,बिघटन,दर्ता,खारेजी र लिक्वीडेसन | २ |
| १२ | समस्याग्रस्त घोषणा हुने अवस्था | १ |
| १३ | सहकारीमा सुशासन | १ |
| १४ | सहकारीमा लेखापरीक्षण सम्बन्धी जानाकरी | १ |
| १५ | साधारण सभा सञ्चालन सम्बन्धी प्रावधान | १ |

राम प्रसाद महतो
मन्त्री

| | | |
|---|---|---|
| १६ | सम्पति शुद्धिकरण निवारण परिचय | १ |
| १७ | सम्पति शुद्धिकरण निवारण ऐन,नियम | १ |
| १८ | सहकारीमा कर सम्बन्धी व्यवस्था | १ |
| १९ | नेतृत्व र नेतृत्व बिकास | १ |
| २० | सकारात्मक सोच र सदाचारिता | १ |
| २१ | जोखिम व्यवस्थापन | १ |
| २२ | समय व्यवस्थापन | १ |
| | जम्मा | ३५ |

३५ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा १२ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल